शुक्लाफाँटा नगरपालिका

# स्थानीय राजपत्र

| खण्डः १० | संख्याः २ | मितिः २०८३/०१/१७ |
|---|---|---|

भाग — २

शुक्लाफाँटा नगरपालिका

## शुक्लाफाँटा नगरपालिकाको बालबालिकाको हक अधिकार संरक्षण र सम्बर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको कार्यविधि, २०८३

शुक्लाफाँटा नगरपालिकाद्धारा स्वीकृत मितिः२०८३/०१/१५ गते।

**प्रस्तावना :**
बालबालिकाको हकहित र अधिकारको संरक्षण ,सम्मान ,सम्बर्द्धन ,प्रवर्द्धन ,प्रचलन तथा परिपूर्तिका लागि नेपालको संविधान तथा कानूनमा भएका व्यवस्थाहरुको कार्यान्वयन गर्न गराउन बाल बचाउ ,बाल संरक्षण ,बालविकास तथा बाल सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चितताका साथै बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि कार्यविधि निर्माण गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा १ ,बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ६० को उपदफा ३ र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद १५ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि तयार गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः(क) यस कार्यबिधिको नाम “शुक्लाफाँटा नगरपालिकाको बालबालिकाको हक अधिकार संरक्षण र सम्बर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको कार्यबिधि, २०८३” रहेको छ ।

(ख) यो निर्देशिका कार्यपालिकाले स्वीकृत गरे पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "संविधान" भन्नाले नेपालको संविधान,२०७२ लाई सम्झनुपर्छ ।

(ख) ''ऐन'' भन्नाले बालबालिका सम्बन्धि ऐन , २०७५ सम्झनु पर्छ ।

ग) "नियमावली "भन्नाले बालबालिका सम्बन्धि नियमावली २०७८ सम्झनुपर्दछ ।

(ग) ''कार्यविधि'' भन्नाले शुक्लाफाँटा नगरपालिकाद्वारा जारी गरिएको बालबालिकाको हक अधिकार संरक्षण र सम्बर्द्धन सम्बन्धी व्यवस्था गर्न बनेको कार्यविधि २०८३ सम्झनु पर्दछ ।

(ड.) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेका सबै व्यक्तिहरुलाई सम्झनु पर्छ ।

(च) "परिषद" भन्नाले राष्ट्रिय बाल अधिकार परिषद्लाई सम्झनुपर्दछ ।

(छ) " समाजसेवी तथा बाल मनोविज्ञ" भन्नाले ऐनको दफा ६२ अनुसार यस कार्यविधि बमोजिम सूचिकृत वा नियुक्त भएका व्यक्ति सम्झनु पर्छ ।

(ज) बाल कल्याण अधिकारी :भन्नाले ऐनको दफा ६१ र यस कार्यविधि बमोजिम नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनुपर्दछ ।

(झ) "बाल अधिकार समिति" भन्नाले बालबालिकाको आधारभूत अधिकारहरुको संरक्षण तथा सम्बर्धन गर्नका लागि गठन गरिएका शुक्लाफाँटा नगरपालिकाको पालिकास्तरीय र वडा स्तरमा गठन गरेका समितिहरुलाई समेत सम्झनु पर्दछ ।

(ञ) "बालमैत्री स्थानीय शासन समिति" भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि (२०६८) को दफा ७.ग.१ बमोजिम गठन भएका समितिलाई सम्झनु पर्छ ।

(ट) "बाल क्लव वा संस्था " भन्नाले विद्यालय तथा समुदायस्तरमा बालबालिकाहरुको सहभागितामा गठन भएका शुक्लाफाँटा नगरपालिकामा यस कार्यविधि बमोजिम दर्ता भइ संञ्चालनमा रहेका बाल क्लब वा बाल संस्था वा किशोर किशोरी समूहहरुलाई समेत सम्झनु पर्दछ ।

(ठ) "संरक्षक" भन्नाले अभिभावक बिहीन बालबालिबालाई अभिवावकत्व प्रदान गर्न बालकल्याण अधिकारीद्धारा नियुक्त गरिएको ब्यक्तिलाई सम्झनु पर्दछ ।

(ड) "बालक्लव सञ्जाल" भन्नाले पालिका तथा वडास्तरमा गठन भएका बालक्लवहरुको सञ्जाललाई सम्झनु पर्दछ ।

(ढ) "गैरसरकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका र स्थानीय तहसँग समन्वय गरी कार्यसञ्चालन गर्ने गैरनाफामूलक सामाजिक संस्था सम्झनुपर्छ ।

(ण) "स्थानीय तह" भन्नाले शुक्लाफाँटा नगरपालिकालाई सम्झनु पर्दछ ।

(त) "बाल कोष" भन्नाले जोखिममा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार ,राहत ,पुर्नस्थापना ,क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि यस कार्यविधि बमोजिम स्थापना गरिएको बालकोष सम्झनुपर्दछ । अर्थात बालअधिकारको संरक्षण र सम्बर्धन गर्नका लागि शुक्लाफाँटा नगरपालिकामा खडा गरिएको बालकल्याण कोषलाई सम्झनु पर्दछ ।

(द) नगरपालिका " भन्नाले शुक्लाफाँटा नगरपालिका सम्झनुपर्दछ ।

(ध) "प्रमुख" भन्नाले शुक्लाफाँटा न.पा.को प्रमुख सम्झनु पर्दछ ।

(न) "उपप्रमुख" भन्नाले शुक्लाफाँटा न.पा. को उपप्रमुख सम्झनु पर्दछ ।

(प) "वडा" भन्नाले शुक्लाफाँटा न.पा.का वडा को वडाहरुलाई सम्झनु पर्दछ ।

(फ) “वडाध्यक्ष” भन्नाले शुक्लाफाँटा न.पा. र यस पालिकाका वडाअध्यक्षलाई सम्झनु पर्दछ ।

(ब) “सभा” भन्नाले शुक्लाफाँटा न.पा.को नगरसभालाई सम्झनु पर्दछ ।

(भ) “कार्यपालिका” भन्नाले शुक्लाफाँटा न.पा. को कार्यपालिकालाई सम्झनु पर्दछ ।

(म)“विशेष संरक्षणको आवश्यकता भएका बालबालिका” भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका सम्झनुपर्दछ ।

(य)“अनाथ बालबालिका” भन्नाले प्रचलित कानून बमोजिमका अनाथ बालबालिका सम्झनु पर्दछ ।

(र) “आवासीय बालगृह” भन्नाले बैकल्पिक स्याहारका लागी प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको बाल गृह सम्झनु पर्छ । अर्थात ऐनको दफा ५२ र नियमावलीको नियम ६२ बमोजिम स्थापना र संचालनमा रहेका अस्थायी संरक्षण सेवा प्रदान गर्ने संस्था सम्झनुपर्दछ ।

(ल) “संस्था“ भन्नाले बाल अधिकार संरक्षण ,सम्बर्द्धन ,प्रवर्द्धनका लागि प्रचलित कानून बमोजिम दर्ता भई बालबालिका सम्बन्धि कार्यक्रम सञ्चालन गरिरहेका संघ ,संस्था ,संगठन ,सञ्जाल तथा सामुदायिक संस्थाहरु सम्झनुपर्दछ ।

(व) “ सेवा प्रदायक निकाय ”भन्नाले नगरपालिकामा बालबालिका सम्बन्धि सेवा प्रवाह गरिरहेका सरकारी संघ ,संस्था ,निकाय ,स्रोत केन्द्र ,बालगृह ,बाल सुधार गृह , ,बालबीलका खोज तलास केन्द्र र बाल हेल्पलाईन सेवा जस्ता सेवा प्रदान गर्ने निकाय तथा संस्था सम्झनुपर्दछ ।

## परिच्छेद २
## उदेश्य

**३ .उद्देश्य :** यस यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) सबै प्रकारका बालबालिकाको अधिकारको संरक्षण तथा संम्वर्धन गर्ने ।

(ख) बालमैत्री स्थानीय शासन र विद्यालय शान्तिक्षेत्र अभियान प्रवर्द्धन गर्ने ।

(ग) बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

(घ) बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हानी र जोखिम न्यूनीकरण गर्ने ।

(ङ) बालबालिकाको अभिलेख (घटना व्यवस्थापन, सूचना, तथ्यांक, जन्मदर्ता व्यवस्थापन गर्ने ।

(च) बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरु सँग समन्वय, सहकार्य, साझेदारी र सेवा प्रदायकहरुलाई सुचिकृत गर्ने ।

(छ) सबै प्रकारका बाल श्रमको न्यूनीकरण गर्ने ।

## परिच्छेद ३

## बालबालिकाको हक अधिकार संरक्षण ,सम्मान ,सम्बर्द्धन , प्रर्वधन ,प्रचलन तथा परिपूर्ति गर्ने दायित्व निर्वाह सम्वन्धी ब्यवस्थाहरु :

**४.बाल अधिकारको संरक्षण :** सबैं बालबालिकाको अधिकारको संरक्षण, सम्मान ,सम्बर्द्धन , प्रर्वधन ,प्रचलन तथा परिपूर्तिका लागि ऐनको दफा ६४,र ६५ तथा बालबालिका प्रतिको कर्तव्य दफा ७७ बमोजिम पालना तथा कार्यान्वयन गरिनेछ ।ऐनको परिच्छेद ३ बमोजिम बालबालिका प्रतिको दायित्व पुरा नगरेमा वा बाल अधिकारको उल्लङगन भएका बालबालिकाले अनुसूची ६ बमोजिम न्यायिक समितिमा वा बाल अधिकार समितिमा निवेदन दिन सक्नेछन् ।

५. **बाल अधिकारको संरक्षण,सम्मान ,सम्बर्द्धन , प्रर्वधन गर्नका लागि आवश्यक सेवा प्रवाहको व्यवस्था :** बाल अधिकारको संरक्षण सम्मान ,सम्बर्द्धन , प्रर्वधन ,गर्नका लागि देहाय बमोजिम सेवा प्रवाहको व्यवस्था गरिनेछ ।

- गर्भमा नै बालबालिकाको लिंग पहिचान गर्ने, लिंगको आधारमा विभेद गर्ने र गर्भ पतन गर्ने प्रचलनलाई अन्त गर्नका लागि व्यापक प्रचारात्मक अभियान संचालन ।
- जन्म दर्ता सम्वन्धी सचेतना अभियान संचालन ( टोलविकास, लैिंक हिंसा निगरानी समुह, आमा समुह, स्वयम सेविका ,बालक्लव) तथा तथा ३५ दिनभित्र जन्मदर्ता गराउने अभिभावकलाई प्रशंसा तथा सम्मान गरिने कार्यक्रम।
- जन्मदर्ता कम भएका क्षेत्रको पहिचान /तथ्याङक सङ्कलन अभियान
- बाल विवाह रोकथाम तथा न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम ( टोलविकास, लैिS हिंसा निगरानी समूह, आमा समूह, स्वयम् सेविका ,बालक्लव) का साथै उद्धार तथा संरक्षण, मनोसामाजिक परामर्श, पुर्नस्थापना तथा टेवामुलक आय आर्जन कार्यक्रम संचालन गरिने ।
- बाल विवाह विरुद्धमा प्रचार प्रसार (रेडियो, टिभि, पत्रपत्रिका) कार्यक्रम संचालन ।
- बैवाहिक कार्यक्रम हुने धार्मिक तथा सार्वजनिक स्थलहरुमा बाल विवाह निषेधित अभियान संचालन तथा रोकथामका लागि धामी, झाँक्री, पुरोहित, पण्डित, लामा, पादरी आदिलाई चेतनामूलक तालिम संचालन तथा घटनाको पहिचान तथा पैरवी अभियान संचालन ।
- निकृष्ट प्रकारको बाल श्रममा रहेका बालबालिकाको उद्धार र पुनस्थापना कार्यक्रम ( अस्थायी बालगृह संचालन मार्फत पारिवारिक पुर्न एकीकरण, बाल श्रममा रहेका बाल बालिको विवरण संकलन, अद्यावधिक तथा रोकथामका लागि प्रचार/प्रसार ( कानुनी प्रावधान र सजाय) र बाल श्रममा रहेका बालबालिकाको क्षमता अभिवृद्धि/तालिम, बालश्रम मुक्त टोल तथा वडा घोषणा ।
- शुक्लाफाँटा नगरपालिका भित्र व्यावसाय दर्ता गर्दा तथा निमार्ण सम्वन्धीका कार्य गर्दा बालश्रम प्रयोग नगर्ने प्रतिबद्धता तथा नविकरण गर्दा बाल श्रम नरहेको भनि सिफारिस प्राप्त भए मात्र नवीकरण गर्ने प्रचलन स्थापित गर्ने र दोधारा चाँदनी नगरपालिकाले कुनै पनि सम्झौता गर्दा बालश्रम प्रयोग गर्न नपाईने भनि अनिबार्य सर्त उल्लेख गर्नु पर्ने ब्यवस्था अवलम्वन गर्ने ।

- बालबालिका विरुद्ध हुने हिंसा, बेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा सम्वन्धी सूचना व्यवस्थापन गर्ने ।
- किशोरी जीवनोपयोगी सीप/तालिम/आयआर्जन कार्य संञ्चालन गर्ने ।
- संरक्षण विहिन बालबालिका, अपाङ्गता भएका एवं विषेश संरक्षणको आवश्यक रहेका बालबालिकाको पहिचान, उद्धार, सामाजिकीकरण तथा पुर्नस्थापनाका लागि आवाधिक तथा आवश्यकता अनुसार दीर्घकालिन गृहको स्थापना, संचालन एवं पारिवारिक सहयोग कार्यक्रम ।
- हिंसा, शोषण, दुर्व्यवहार, बेचविखन न्यूनीकरणका लागि घर, परिवार, विद्यालय तथा समुदायमा सचेतनमूलक अभियान संचालन ।
- समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापना, क्षमता विकास तथा परिचालन र बालसंरक्षण कार्ययोजना निर्माण र कार्यान्वयन ।
- शिशु स्याहार केन्द्रको स्थापना तथा संचालन ।
- बाल बालिकालाई लागू पदार्थ तथा कुलतबाट संरक्षण सम्बन्धी अभियान, दुर्व्यसनबाट पिडित बालबालिकाको उपचार परामर्श तथा पुर्नस्थापना कार्यक्रम ।
- घरपरिवार र समुदायबाट बालबालिका विरुद्ध हुने हिंसा, बेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने सम्बन्धमा क्षमता अभिवृद्धि/तालिम ।
- हिंसा, बेचविखन, शोषण, दुर्व्यवहार, सडक तथा श्रमिक बालबालिकाको उद्धारका लागि उद्धार समिति गठन, क्षमता विकास कार्यक्रम ।
- हिंसा, बेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्नेका लागि सचेतना कार्यकम लैंिक हिंसा निगरानी समूह,सहकारी, टोल विकास समिति, बाल क्लब, आमा समूह,जनप्रतिनिधिहरुसंग समन्वय तथा सहकार्य ।
- कुनै पनि हिंसा, वेचविखन, शोषण, दुर्व्यवहारमा परेका तथा श्रम र सडकमा रहेका बालबालिकाको संरक्षणका लागि पुर्नस्थापना केन्द्र सञ्चालन ।
- बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणाली गठन, क्षमता विकास, संचालन तथा व्यवस्थापन ।
- कानूनी विवादमा परेका बालबालिकाको उद्धार, कानुनी संरक्षण, परामर्श, पुर्नस्थापना तथा बालमैत्री न्यायिक संरचना सुदृढीकरण कार्यक्रम ।
- भय रहित शिक्षा तथा विद्यालय शान्ति क्षेत्र अभियान संचालन
- बाल हेल्पलाइन र बालबालिका खोजतलास केन्द्र संचालन सहयोग ।
- बाल यौन हिंसा शोषण तथा दूर्व्यवहारका साथै साइबर क्राइम तथा आधुनिक प्रविधिको दूरुपयोग सम्बन्धमा सचेतना अभियान, घटना व्यवस्थापन, वहस, पैरवी ।
- अपा· बालबालिकाहरुका लागि विशेष शिक्षा, तालिम, सामाग्री वितरण, छात्रवृति तथा संरक्षण कार्यक्रम । अपाङ्गता भएका बालबालिकाको संरक्षणका लागि विशेष पहल तथा अपाङ्ग मैत्री वातावरणको निमार्ण गरिनेछ ।

- समुदायमा आधारित संयन्त्रहरु बालक्लब, टोल नगर तथा वडा बालअधिकार समिति, बालमैत्री स्थानीय शासन समिति, नागरिक सचेतना केन्द्र, स्थानीय शासन तथा समुदाय विकास कार्यक्रम, आमा समूह, टोल विकास समिति आदिलाई क्षमता अभिवृद्धि तालिम, अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिनेछ ।
- बालसंरक्षणका लागि बालकोषको स्थापना गर्ने ।
- विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने ।
- बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था,लगायतका निकायहरुको सुचीकृत गर्ने,सेवा मापन गर्ने तथा आवश्यक समन्वय, सहकार्य गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।
- बालमैत्री योजना तर्जुमा गर्ने कार्यान्वयन गर्ने, तथा त्यसको अनुगमन, मूल्याङ्कन र निरीक्षण गर्ने  तथा योजनामा बालबालिकासंग सम्बन्धित कार्यक्रमलाई प्राथमिकताका साथ समावेश गरिनेछ ।
- सफारिस संयन्त्र विकास,बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गरिदिने ।
- बालबालिकाको निमित्त आकस्मिक सहयोगको तथा दीगो विकासका लागि श्रोत ( आर्थिक, भौतिक तथा मानविय) व्यवस्था मिलाउने ।
- वार्षिक रुपमा बालकालिकाको स्थितिपत्र प्रकाशन गर्ने।
- घटना व्यवस्थापन प्रकियालाई अवलम्वन गरी प्रभावकारी कार्यान्वयन गर्ने ।
- बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमको तयारी गर्ने विश्लेषण गर्ने।
- बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष अभियान घोषणा गर्ने।
- बालक्लव तथा बाल संञ्जाल गठन, दर्ता तथा परिचालन गर्ने ।
- बाल अधिकार हननका घटना अनुगमन तथा कार्वाहिका लागि सिफारिस गर्ने ।
- अल्पकालिन आश्रय स्थल संञ्चालन, बालगृह अनुगमन नियमन तथा कार्वाही र सिफारिस गरिनेछ ।
- बालबालिकाको हक अधिकारसँग सम्बन्धित तोकिएका अन्य कार्य गर्ने ।
- बैकल्पिक स्याहारको आवश्यकता भएका बालबालिकाको लागि स्थानीय संरक्षक पहिचान,संरक्षकत्व प्रदान, बैकल्पिक स्याहरका लागि सिफारिस,आपतकालिन उद्धार तथा संरक्षकत्व प्रदान गरिनेछ ।
- बालबालिका विरुद्धको हिंसामा परेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, संरक्षण ,राहत तथा ब्यवस्थापनका लागि  राष्ट्रिय बाल अधिकार परिषद् , बाल हेल्पलाईन १०९८ तथा हराएका तथा वेवारिसे फेला परेका बालबालिकाको सकुशल उद्धार तथा संरक्षण गर्न बालबालिका खोज तलास केन्द्र नं.१०४ संग समन्वय ,सहजीकरण तथा सहकार्य गरिनेछ ।

- नगरपालिकाका जनप्रतिनिधि ,कर्मचारी तथा सरोकारवालाहरुको लागि बाल अधिकार ,बालमैत्री व्यवहार र बालमैत्री शासन अभ्यास सम्बन्धि प्रशिक्षण प्रदान गरिनेछ ।

**६.बालबालिकाको सर्वोत्तम हित कायम गर्नुपर्ने :** नगरपालिका ,नगरपालिकाका प्रत्येक निकाय ,बालकल्याण अधिकारी ,समाजसेवी तथा मनोविज्ञ ,सामाजिक संघ संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिकाको निम्ती काम गर्दा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनुपर्नेछ ।

**७.बालमैत्री र अपांगतामैत्री संरचना तथा अभ्यासको सुनिश्चितता :**

बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने नगरपालिका भित्रका सबै सार्वजनिक निकाय ,सामाजिक संघ ,संस्था तथा निजी संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री एवं अपांगता मैत्री हुने व्यवस्था गरिनेछ ।

**८.बालबालिकाको बैकल्पिक हेरचाहको व्यवस्था ::** नगरपालिका भित्र फेला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबीलका मध्ये ऐनको दफा ४८ को उपदफा १ को खण्ड (क),(ख),(ग),(घ),(ङ),(च) र (छ) बमोजिमका बालबालिका लाई बैकल्पिक हेरचाहको आवश्यकता भएमा उक्त बालबालिकालाई संरक्षण गर्ने प्रयोजनका लागि ऐनको दफा ४९ उपदफा २ को खण्ड (क),(ख),(ग),(घ) बमोजिम प्राथमिकताका आधार एवम् नियमावली २०७८ को परिच्छेद ६ को नियम ५३ देखि ६७ सम्मको व्यवस्था गरिनेछ ।

## परिच्छेद ४
## स्थानीय बाल अधिकार समिति सम्बन्धि व्यवस्था

### ९ . स्थानीय बाल अधिकार समितिको गठन

१) ऐनको दफा ६० को उपदफा २ बमोजिम नगरपालिकाको उपप्रमुख वा उप प्रमुखले तोकेको नगरकार्यपालिका सदस्यको अध्यक्षतामा देहाय बमोजिमको स्थानीय बाल अधिकार समिति रहनेछ ।

(क) नगरपालिकाको उप प्रमुख :अध्यक्ष

(ख)प्रमुख प्रशासकिय अधिकृत :सदस्य

(ग) उप प्रमुखले तोकेको नगर कार्यपालिकाको सदस्य :सदस्य

घ) नगर कार्यपालिकाले तोकेको १ जना दलित महिला वडा सदस्य :सदस्य

(ङ) नगर कार्यपालिकाले तोकेको माध्यामिक विद्यालयका प्रधानाध्यापक मध्ये १ जना :सदस्य

च)नगरकार्यपालिकाले तोकेको सूचीकृत समाजसेवी वा बालमनोविज्ञ मध्ये १ जना :सदस्य

छ) नगरपालिकाको महिला तथा बालबालिका शाखा प्रमुख , शिक्षा शाखा प्रमुख , स्वास्थ्य शाखा प्रमुख गरि ३ जना :सदस्य

ज)स्थानीय ईलाका प्रहरी प्रमुख ,नेपाल प्रहरी :सदस्य

झ )नगरपालिका भित्रका बाल अधिकारको क्षेत्रमा कार्यानुभव भएका भएका व्यक्ति मध्ये नगर प्रमुख र उप प्रमुखले मनोनयन गरेका २ जना व्यक्ति :सदस्य

ञ) नगर कार्यपालिकाले मनोनयन गरेका बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरुमध्येबाट १ जना : सदस्य ।

ठ) बाल कल्याण अधिकारी : सदस्य सचिव

(२) समितिका मनोनीत सदस्यको पदावधि ३ वर्षको हुनेछ । निजहरू पुनः नियुक्तिको लागि ग्राह्य हुनेछन् ।

१०) स्थानीय बाल अधिकार समितिको काम कर्तव्य र अधिकार : **(१)** बालबालिकाको अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकालाई निजको शिक्षा ,स्वास्थ्य ,पोषण ,संरक्षण तथा बालबालिकाको उच्चतम हित सुनिश्चित हुने गरि बाल कल्याण अधिकारीको सिफारिसमा समितिले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनुपर्नेछ ।

(ख) समितिले वर्षको कम्तिमा १ पटक स्थानीय तहभित्र बैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको स्थितिको बारेमा जानकारी लिनुपर्नेछ ।बालबालिकालाई उचित हेरचाह नगरेको पाइएमा समितिले बैकल्पिक हेरचाह गर्ने व्यक्ति वा संस्थालाई सचेत गराउन वा ऐन बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा निवेदन दिन वा संरक्षक परिवर्तनका लागि सम्बन्धित अदालतमा निवेदन दिन सक्नेछ ।

ग)समितिले नगरपालिकाका बालक्लब वा संस्थाको उपलब्धि तथा क्रियाकलापको प्रकाशन र प्रशारण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

घ)समितिले नगरपालिका भित्र रहेका बालगृह र पुर्नस्थापना केन्द्रको नियमित अनुगमन तथा निरीक्षण गर्नेछ ।

ङ) समितिले समाजसेवी तथा बालमनोविज्ञ सूचीकृत गर्ने र नियूक्तिका लागि नगरपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

**(२)समितिका थप काम कर्तव्य देहाय बमोजिम हुनेछ** ।

(क) बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था,लगायतका निकायहरुको सुचीकृत गर्ने, सेवा मापन गर्ने तथा आवश्यक समन्वय, सहकार्य गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

(ख) बालमैत्री योजना तर्जुमा गर्ने कार्यान्वयन गर्ने, तथा त्यसको अनुगमन, मूल्याङ्कन र निरीक्षण, आवश्यक निर्देशन तथा कार्वाही र सो का लागि सम्वन्धित निकायमा सिफारिस गर्ने ।

(ग) बालअधिकारको संरक्षण र संबर्द्धनका निमित्त विभिन्न कार्यक्रम गर्ने ।

(घ) बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गरिदिने ।

(ङ) बालबालिकाको निमित्त आकस्मिक सहयोगको तथा दीगो विकासका लागि श्रोत ( आर्थिक, भौतिक तथा मानविय) व्यवस्था मिलाउने ।

(च) वार्षिक रुपमा बालकालिकाको तथ्यांक सङ्कलन गर्ने, अद्यावधिक गर्ने र स्थितिपत्र प्रकाशन गर्ने

छ) घटना व्यवस्थापन प्रकियालाई अवलम्वन गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

ज) बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमको तयारी गर्ने विश्लेषण गर्ने
(झ) बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष अभियान घोषणा गर्न सिफारिस गर्ने,
(ञ) बालबालिकाको हकअधिकारसँग सम्बन्धित तोकिएका अन्य कार्य गर्ने

**११ . वडास्तरीय बालअधिकार समितिको गठन**

१) वडामा देहाय वमोजिमको वडा स्तरीय बालअधिकार समिति गठन गरिनेछ ।
(क) वडा अध्यक्ष : अध्यक्ष
(ख) वडा महिला सदस्य : सदस्य
(ग) स्वास्थ चौकी प्रमुख वा प्रतिनिधि : सदस्य
(घ) वडाभित्रका विद्यालय मध्ये वडाध्यक्षले तोकेको प्रधानाध्यापक : सदस्य
(ङ.) महिला स्वयम्सेविका वा आमा समूहहरु मध्येबाट अध्यक्षले मनोनीत गरेको १ जना : सदस्य
(च.) सम्बधित वडामा बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्था समुहहरु मध्येबाट वडाध्यक्षले तोकेको १ जना : सदस्य
(छ) सामुदायिक प्रहरी : सदस्य
(ज) वडा बालक्लव वा संजालबाट वडा बाल अधिकार समितिले मनोनीत गरेको १ जना : सदस्य
(झ) आदिवासी, जनजाति, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्गसमुदायको यथासम्भव प्रतिनिधित्व हुनेगरि नागरिक समाजबाट कम्तिमा १ महिला, १ अपाङ्गता भएको ब्यक्ति बाट सहित अध्यक्षले मनोनीत गरेका २ जना : सदस्य
(ञ) वडा सचिव : सदस्य सचिव

**१२ . वडास्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार**

(क) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने ।
(ख) बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था,लगायतका निकायहरुसँग समन्वय सहकार्य गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।
(ग) बालमैत्री योजना तर्जुमा गर्ने, सो कार्यान्वयन गर्ने, तथा त्यसको अनुगमन, मूल्याङ्कन र निरीक्षण गर्ने ।
(घ) बालअधिकारको संरक्षण र संबर्द्धनका निमित्त विभिन्न कार्यक्रम गर्ने ।
(च) बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गर्ने ।
(छ) बालबालिकाको निमित्त आकस्मिक सहयोग तथा सो का लागि श्रोत ( आर्थिक, भौतिक तथा मानविय) व्यवस्था मिलाउने ।
ट) बालबालिका सम्बन्धी वडा नीति तथा कार्यक्रमको तयार गरी लागू गर्ने ।
(ड) बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी वडा स्तरीय विशेष अभियान घोषणा गर्ने,
(ढ) बालबालिकाको हक अधिकारसँग सम्बन्धित तोकिएका अन्य कार्य गर्ने ।
(ण) समितिको सेवा सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२)वडा बाल अधिकार समितिको मनोनीत सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

**१३. बैठक सम्बन्धि व्यवस्था :**

१..स्थानीय बाल अधिकार समिति र वडा बाल अधिकार समितिको बैठक देहाय बमोजिम हुनेछ ।

क). समितिको बैठक कम्तिमा वर्षको ४ पटक अध्यक्षले तोकेको मिति ,समय र स्थानमा बस्नेछ ।

ख).अध्यक्षको निर्देशनमा समितिको बैठक र बैठकमा छलफल हुने विषयहरुको सूचि सदस्य सचिवले समितिका सदस्यहरुलाई १ दिन आगावै उपलब्ध गराउनुपर्नेछ ।

(ग.)समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(घ) समितिको बैठकको निर्णय समितिको सदस्य ,अध्यक्षद्वारा प्रमाणित गरिनेछ ।

(ङ)समितिको बैठक संचालन खर्च नगरपालिकाको नियमानुसार हुनेछ ।

(च) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

छ) समितिको बैठकमा आवश्यकतानुसार विषयसंग सम्बन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

**१४ . उपसमिति वा कार्यटोली गठन गर्न सकिने :**

१)समितिले आफुले गर्नुपर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ जा बालमनोविज्ञ ,समाजसेवी , सामाजिक कार्यकर्ता ,शिक्षक ,चिकित्सक , बालक्लबका प्रतिनिधि ,सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकता अनुसार समावेश हुने गरि निश्चित अवधिको लागि उप समिति वा कार्यटोली गठन गरि परिचालन गर्न सक्नेछ ।

२) उपदफा १ बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीको काम ,कर्तव्य र अधिकार समितिले निर्धारण गरेबमोजिम हुनेछ साथै टोली वा सदस्यले पाउने सेवा सुविधा नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद ५

## बालकल्याण अधिकारीको नियुक्ति र समाजसेवी तथा बालमनोविज्ञ सम्बन्धि व्यवस्था

**१५.** बाल कल्याण अधिकारीको नियुक्ति : ऐनको दफा ६१ र नियमावलीको नियम ८१ बमोजिम हुने गरि एकजना बालकल्याण अधिकारी नियुक्त गरिने**छ ।**

**२)** उपदफा २ बमोजिम बाल कल्याण अधिकारीको नियुक्ति नभएसम्म नियमावलीको नियम ८१ को उपनियम ४ बमोजिम (महिला तथा बालबालिका शाखाको कर्मचारी)बालकल्याण अधिकारी तोकिनेछ ।

**१६ बालकल्याण अधिकारीको काम ,कर्तव्य र अधिकार**

**१.** ऐन तथा नियमावलीमा अन्यत्र उल्लेखित काम ,कर्तव्य र अधिकारको अतिरिक्त नियमावलीको नियम ८२ अनुसार बाल कल्याण अधिकारीको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. समितिको निर्णय एवं निर्देशन कार्यान्वयन गर्ने गराउने ।
खं. नेपाल सरकार प्रदेश सरकार र नगरपालिकाबाट स्वीकृत नीति ,योजना अनुरुप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न नगरपालिका र समितिलाई आवश्यक सहयोग गर्ने तथा कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको वैठक मा पेश गर्ने ।
ग. नगरपालिका भित्रका स्थायी तथा अस्थायी रुपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नु पर्ने हेरचाह ,स्वास्थ्य ,शिक्षा , संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धि तथ्यांक संकलन विश्लेषण गरि अध्यावधिक प्रतिवेदन तयार गर्ने ।
घ.जोखिममा परेका ,विशेष संरक्षण र बैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसुरबाट पिडित बालबालिकाको तत्काल उद्धार ,मनोसामाजिक परामर्श ,उपचार ,अस्थायी संरक्षण ,आमाबाबुलाई पारिवारिक सहयोग ,पारिवारिक पुर्नमिलन तथा बैकल्पिक स्याहार लगायतका कार्यको कार्ययोजना तयार गर्ने र समितिबाट स्वीकृती गरि कार्यान्वयन गर्ने ।
ङ)बालबीलका विरुद्धको कसुरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पीरवारिका संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने ।
च) बैकल्पिक हेरचाहको व्यवस्था ,पुर्नस्थापना केन्द्र ,अस्थायी संरक्षण सेवा ,निगरानी कक्ष तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ ,गुरुकुल ,गुम्बा ,मदरसा , चर्च जस्ता आवसीय गृहको अनुगमन गरि सो को प्रतिवेदन समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने ।
छ) बाल अधिकार उल्लंघन सम्बन्धि घटनामा बालबालिकाको तत्काल उद्धार,राहत , संरक्षण सम्बन्धि कार्य गर्ने ।
ज) बालबालिकाको संरक्षक नियुक्तिको लागि प्रचलित कानूनबमोजिम अदालतमा निवेदन दिने ।
झ)बालबालिकाको बैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेश गर्ने ,
ञ) बैकल्पिक हेरचाहका राखिएका बालबालिकाको जन्मदर्ता गर्न , नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखि संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने ।
ट) बालबालिकाको गोपनियताको हकको उल्लंघन नहुने गरि प्रचलित कानून बमोजिम प्रकाशन गर्नुपर्ने सूचना तथा प्रतिवेदन समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सो को विवरण प्रदेश बाल अधिकार समिति र परिषद्मा पेश गर्ने
ठ. योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने ।
ड)बालश्रम ,बालविवाह जस्ता समस्याको अन्त्य ,बालमैत्री विद्यालय ,बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न आवश्यक समन्वय तथा सहजीकरण गर्ने ।
ढ) समितिबाट प्रत्याजित अन्य काम गर्ने ,
२ . तोकिए बमोजिमका अन्य काम गर्ने ।

**१७. समाजसेवी तथा बालमनोविज्ञको सूचीकरण तथा नियुक्तिः**

१) समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण र नियुक्ति ऐनको दफा ६२ तथा नियमावलीको नियम ८३ बमोजिम हुनेछ ।समितिले २१ दिनको म्याद दिई नगरपालिकामा संचालनमा रहेका सार्वजनिक सञ्चार माध्यमद्धारा सार्वजनिक सूचना जारी गर्नेछ ।
२) उपदफा १ बमोजिम जारी भएको सूचना अनुसार देहाय बमोजिम योग्यता भएका समाजसेवी तथा बाल मनोविज्ञले सोही सूचनाले तोकेको कागजात तथा व्यक्तिगत विवरण सहितको सूचीकृत हुन निवेदन दिनुपर्नेछ ।
क) नेपाली नागरिक
ख)नैतिक पतन देखिने फौजदारी अभियोगमा वा बालबालिका विरुद्धको कसुरमा अदालतबाट कसूरदार नठहरिएको
ग) असल चरित्र भएको ,
घ) समाजसेवीको रुपमा सूचीकृत हुनको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा बाह्र कक्षा उतीर्ण गरेको र सामाजिक कार्य सम्बन्धि विषयमा कम्तीमा १ महिना तालिम प्राप्त गरेको ।
ङ)बाल मनोविज्ञको रुपमा सूचीकृत हुनको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान वा सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा बाह्र कक्षा उतीर्ण गरी मान्यता प्राप्त निकाय वा तालिम प्रदायक संस्थाबाट बाल मनोविज्ञान सम्बन्धमा कम्तीमा एक महिना तालिम प्राप्त गरेका ।

३) उपदफा (२) बमोजिमको निवेदन र कागजात जाँच गर्दा योग्यता पूगेका निवेदकलाई समाजसेवी वा बालमनोविज्ञको रुपमा समितिले सूचीकृत गर्नेछ ।
(४) उपदफा (३ )बमोजिम सूचीकृत समाजसेवी वा बालमनोविज्ञलाई बाल संरक्षण सम्बन्धि कार्य र सेवा प्रवाहको कार्यभारको आधारमा समितिको सिफारिसमा नगरपालिकाले आवश्यक संख्यामा नियुक्त गर्न सक्नेछ ।
(५) उपदफा (४) बमोजिम समाजसेवी र बालमनोविज्ञको नियूक्ति प्रक्रिया र छनोट आधार नगरपालिकाको कानून बमोजिम हुनेछ ।
(६) ऐन तथा यस नियमावलीमा उल्लेखित काम ,कर्तव्यका अतिरिक्त बालबालिकाको हकहितसंग सरोकार राख्ने समितिले तोकेको काम समाजसेवी तथा बाल मनोविज्ञले गर्नेछ।
(७)उपदफा (४) बमोजिम नियुक्ति हुने समाजसेवी तथा बालमनोविज्ञको सेवा शर्त तथा सुविधा नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ६
## बैकल्पिक हेरचाहको व्यवस्था

**१८ .बैकल्पिक हेरचाहको व्यवस्था :** (१) ऐनको दफा ४९ बमोजिम ऐनकै दफा ४८ को उपदफा (१) को खण्ड -क),(ख),(ग),(घ) (ङ), (च) र (छ) बमोजिम विशेष संरक्षणको आवश्यकता भएका तथा बैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएमा र ऐनको दफा ६९ बमोजिम अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नुपर्ने भएमा बालकल्याण अधिकारीले बैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) बालबालिकाको बैकल्पिक हेरचाहको व्यवस्था मिलाउदा बालकल्याण अधिकारीले नियमावलीको परिच्छेद ६ बमोजिम मिलाउनुपर्नेछ ।

## परिच्छेद ७

## बाल सहभागिता तथा बालक्लब वा संस्था र बाल संजाल सञ्चालन

**१९. बाल सहभागिताको अभ्यास (१)** आफ्नो धारण बनाउन सक्षम भएका बालबालिकालाई उनीहरुलाई असर पार्ने विषयमा परिवार ,समुदाय ,विद्यालय तथा सार्वजनिक निकायबाट सम्पादन गरिने कार्यहरुको प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई प्रवर्धन गरिनेछ । आवधिक र वार्षिक योजना तर्जुमा लगायत बालबीलका संग सम्बन्धित कार्यक्रममा सबै किसिमका बालबालिकाको (बालक बालिका ,सबै किसिमका अपांगता , लैंगिक तथा यौनिक अल्पसंख्यक आदि ) सहभागिता सुनिश्चितता गरिनेछ ।

(२)बाल सहभागिता प्रवर्द्धनका लागि देहायका उपायहरु समेत अवलम्बन गरिनेछ ।

(क) बालबालिकासंग सम्बन्धित सरोकारका विषयमा कानूनले निषेध गरेको बाहेक उनीहरुले माग गरेको सूचना निःशुल्क प्रदान गरिनेछ ॥

(ख) नगरपालिका भित्रका वडाहरुबीच तथा विद्यालयबीच अतिरिक्ति क्रियाकलापहरु ( खेलकुद ,साहित्य ,गीत , संगीत ,बक्तृत्वकला ,चित्रकला , सांस्कृतिक कार्यक्रम आदि ) विविध किसिमका अपांगता भएका बालबालिकालाई समेत उपयोगी हुने गरि प्रतिस्पर्धात्मक कार्यक्रमको आयोजना गरि बाल सहभागीतालाई प्रोत्साहन गरिनेछ ।

(३) बाल सहभागीता प्रवर्धनका नाममा व्यक्ति ,संस्था वा सार्वजनिका निकायबाट हुनसक्ने देहायका कार्यहरु गर्नमा रोक लगाउनेछ ।

क)बालबालिकाको अध्ययनमा नियमिति रुपमा बाधा तथा अवरोध पुग्ने गरि कार्यक्रम संचालन गर्ने वा सहभागी गराउन।

ख) बालबालिकाको शारिरिक ,मानसिक ,संबेगात्मक आध्यात्मिक ,सामाजिक विकासमा असर पुर्‍याउने खालका कुनैपनि गतिविधि वा कार्यमा बालबालिकालाई संलग्न गराउन ।

ग) बालबालिकालाई आमाबाबु ,संरक्षक ,विद्यालय लगायत कुनै पनि सरकारी निकाय वा गैरसरकारी संस्थाले बालबालिकाको हित विपरित र्‍याली ,जुलुस ,सभा आदिमा सहभागी गराउन ।

घ)विद्यालय लगायत सरकारी निकाय वा गैर सरकारी संस्थाले कानुन वा विधान बमोजिम आफुले गर्नुपर्ने काम बालबालिका वा बालक्लब वा संस्था वा तिनको सञ्जाल मार्फत गराउन ।

**२०) बालक्लब वा संस्था दर्ता ,संचालन तथा नवीकरण र खारेजी तथा काम र कर्तव्य सम्बन्धि व्यवस्था :**

**१) बालक्लब वा संस्था खोल्ने**

(क).बाल अधिकारको संरक्षण र र प्रवर्द्धनका लागि बालबालिकाले बालक्लब वा संस्था खोल्न सक्नेछन ृ। बालक्लब वा संस्था खोल्दा उमेर ,लिंग ,जातजाती ,अपांगता लगायत स्थानीय समाजको सामाजिक तथा सांस्कृतिक विविधता समावेश हुने गरि खोल्नुपर्नेछ ।

ख) अपांगता भएका बालबालिकाले अपांगता भएका बालबालिका मात्र र बालिकाले बालिका मात्र सदस्य रहने गरि विशिष्टीकृत बालक्लब वा संस्था खोल्न सक्नेछन्।

ग) बाल क्लब वा संस्था नगरपालिकामा दर्ता गर्नुपर्नेछ र दर्ता गर्नको लागि देहायका कागजातहरु संलग्न राखि अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

१) प्रस्तावित बालक्लब वा संस्था /बालसंजालको विधान २ प्रति

२) प्रस्तावित बालक्लब वा संस्था /बालसंजाल खोल्ने सम्बन्धमा भएको छलफल तथा निर्णयको प्रतिलिपी

३) आवद्ध सदस्य तथा पद सम्बन्धि विवरण

४) बाल क्लब वा संस्था /बाल संजाल दर्ता गर्न चाहने बालबालिकाको नाम,थर ,उमेर ,अध्ययन गरिरिहेको कक्षा ,ठेगाना र जन्मदर्ताको प्रमाण पत्रको प्रतिलिपी वा अध्ययनरत विद्यालय वा आश्रित बालगृहको सिफारिस पत्र ,

५) बाल क्लब वा संस्थाको उदेश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण

६) बालक्लब वा संस्थाको सदस्यताको किसिम ,सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदरुको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि सम्बन्धि विवरण ।

**घ.)प्रा**प्त निवेदन उपर नगरपालिकाले आवश्यक जाँचबुझ गरि बाल क्लब वा संस्था दर्ता गरि अनुसूची २ बमोजिमको दर्ता प्रमाण पत्र दिनुपर्**नेछ ।**

**२. बाल क्लब वा संस्थाको नवीकरण :**

**क**) दफा २० को उपदफा १ बमोजिम दर्ता भएका बाल क्लब वा संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र नगरपालिकामा देहायको विवरण खुलाई नवीकरणका लागि अनुसूची ३ को ढाँचामा निवेदन दिनुपर्नेछ ।

१. बाल क्लब वा संस्थाबाट गत आ.व.मा गरेका मुख्य क्रियाकलापको संक्षिप्त विवरण

२.कार्यसमिति सदस्य हेरफेर भएको भए सो सम्बन्धि विवरण एवं निर्णय

ख) प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरि नगरपालिकाले नवीकरण गरिदिनुपर्नेछ ।

**३. बाल क्लब वा संस्थाको दर्ता खारेज गर्ने :** नगरपालिकाले देहायको अवस्थामा बालक्लब वा संस्थाको दर्ता खारेज गर्नेछ ।

क) दर्ता गरेको तीन आर्थिक वर्षसम्म नवीकरण नगराएमा

ख) बालक्लब वा संस्थाका बहुमत सदस्यले दर्ता खारेज गर्न निवेदन दिएमा

ग) बाल क्लब वा संस्थाको नामको प्रयोग गरि प्रचलित कानून विपरितका क्रियाकलापमा बालक्लब वा संस्था संलग्न भएको पाएमा ।

**४. बालक्लब वा संस्थाको काम र कर्तव्य** :बालक्लब वा संस्थाको काम कर्तव्य देहाय बमोजिमको हुनेछ ।

(क) बालक्लब वा संस्थाको नेतृत्व र यसका क्रियाकलापमा अधिकतम् बालबालिकाले अवसर पाउने गरी कार्यक्रम संचालन गर्ने ।

(ख) बालबालिकाको हक हित र अधिकारको प्रवर्द्धन ,सिंर्जनात्मक गतिविधि, खेलकुद तथा पठनपाठनमा सहयोग पुग्ने गरी कार्यक्रम संचालन गर्ने ।

(ग)विद्यालयको नियमित पठनपाठनमा बाधा नपर्ने गरी आफ्ना कार्यक्रम संचालन गर्ने

(घ) नगरपालिका वा विद्यालयले बनाउने कार्यक्रम तथा योजनामा बालबालिकाको तर्फबाट बालक्लब वा संस्था मार्फत सामूहिक धारण राख्ने

(ङ)बाल क्लब वा संस्था को सदस्यता लिन वा प्रतिनिधित्व गर्न कुनै बालक वा बालिकालाई बाध्य पार्न नहुने ।

(च) बालबालिकामा देश प्रेम र देश भक्तिको भावना जागृत गराउने ।

(छ) नेपालको सार्वभौमसत्ता ,भौगोलिक अखण्डता ,राष्टियता ,स्वाधिनता वा विभिन्न जातजाती ,धर्म सम्प्रदायबीचको सु सम्बन्धमा खलल पार्ने , जातीय भेदभाव वा छुवाछुतको कार्य गर्न दुरुत्साहन गर्ने र सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने गरि कुनै कार्य नगर्ने ,

(ज) कुनै राजनीतिक दलसँग आवद्ध हुन वा दलीय राजनीतिक कार्यक्रममा सहभागी हुन वा सो को समर्थन वा विरोध गर्न नहुने ,

(झ) स्थानीय कानूनले तोकेका अन्य काम र कर्तव्यको पालना गर्ने ।

**५. बाल क्लब वा संस्था व्यवस्थित गर्नुपर्ने :१)** नगरपालिकाले बाल क्लब वा संस्थाको विवरण अद्यावधिक गरी राख्नुपर्नेछ ।

२) समितिले बाल क्लब वा संस्थाको उपलब्धि तथा क्रियाकलापको प्रकाशन र प्रशारण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**६. आर्थिक कारोबार गर्न नपाउने :** बाल क्लब वा संस्थाले कुनैपनि किसिमको आर्थिक कारोबार ,चन्दा लेनदेन सम्बन्धि व्यवहार गर्न पाउने छैन ।

**७.शुल्क तथा दस्तुर नलाग्ने** :बाल क्लब वा संस्थाको दर्ता तथा नवीकरण गर्दा कुनै किसिमको शुल्क तथा दस्तुर लाग्ने छैन ।

**८. बाल सञ्जाल :** नगरपालिकामा दर्ता भएका सबै बालक्लब वा संस्थाहरुबाट प्रतिनिधित्व हुने गरी वडा तथा नगरस्तरमा बाल सञ्जाल गठन गर्न सकिनेछ ।

## परिच्छेद ८

## बालकोषको स्थापना ,सञ्चालन तथा व्यवस्थापन

**२१. बाल कोष** (१) ऐनको दफा ६३ बमोजिम बालबालिकालाई तत्काल उद्धार , राहत र पुर्नस्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि नगरपालिकामा एक बालकोष  रहनेछ ।

(२) उपदफा १ बमोजिमको बालकोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् ।

क) नगरपालिकाबाट वार्षिक रुपमा विनियोजित बजेट

ख) संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम

ग) नेपाल सरकारको स्वीकृतमा विदेशी व्यक्ति ,अर्न्तराष्ट्रिय  संघ संस्था वा सरकारबाट प्राप्त  रकम

घ) स्वदेशी व्यक्ति वा  संघ संस्थाहरुबाट प्राप्त हुने रकम

ङ) न्यायिक समिति तथा अदालतबाट बालबालिका विरुद्ध हिंसाका  घटनामा गरिएको जरिवानाबाट प्राप्त रकम

च) अन्य आम्दानी

**२२ .कोष संचालन समिति** :(१) कोष संचालनको लागि देहायको बालकोष सञ्चालक समिति रहनेछ ।

क) अध्यक्ष ,स्थानीय बाल अधिकार समिति : संयोजक

ख) प्रमुख प्रशासकिय अधिकृत :सदस्य

ग) लेखा प्रमुख : सदस्य

घ) महिला तथा बालबालिका शाखा :सदस्य

ङ)बाल कल्याण अधिकारी :सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

**२३ .समितिको काम कर्तव्य र अधिकार :बालकोष सञ्चालक समितिको काम कर्तव्य बालकोष सञ्चालक र अधिकार देहाय बमोजिम हुनेछ ।**

**क)** विशेष संरक्षणको आवश्यकता भएका ,जोखिम अवस्थामा परेका बालबालिकाको उद्धार ,स्वास्थ्य ,उपचार राहत र पुर्नस्थापना सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने ,

ख) बालबालिकालाई आवश्यक सहयोग गर्ने र सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने ,

ग) केन्द्रिय बालकोष र प्रदेश बालकोष संग समन्वय गर्ने र

घ) कोषको वृद्धिको लागि स्रोतको खोजी

**२४.बालकोष सञ्चालक समितिको बैठक सम्बन्धि व्यवस्था सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।**

**२५ कोषको प्रयोग :**

(१) बालकोषको प्रयोग देहाय बमोजिमको प्रयोजनका लागि गरिनेछ ।

क) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालिन अवस्थामा रहेका बालबालिकाको उद्धार ,राहत, अस्थायी संरक्षण सेवा ,पारिवारिक पुर्नमिलन तथा पुनः स्थापना ,मनोसामाजिक विमर्श ,स्वास्थ्य उपचार ,कानूनी उपचार ,क्षतिपूर्ति समेतका सेवा प्रदान गर्न ,

ख)बालबालिकाको हक हित सम्बन्धमा कोष सञ्चालक समितिले तोकेबमोजिम अन्य काम गर्न गराउन ।

**२६. बालकोषको खर्च सिमा :**

(१) बालकोषको रकम देहायका अवस्था र सीमाभित्र रही कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछ ।

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई घर फिर्ता तथा स्वास्थ्य उपचार सेवाका लागि वार्षिक एकपटक रु. १५,०००।सम्म

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी आवास ,मनोविमर्श ,यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च वार्षिक रु. २०,०००।सम्म

(ग)विशेष संरक्षणको आवश्यकता भएका र तत्काल सहयोगको आवश्यकता भएका बालबालिकाका लागि तत्काल राहत ,शैक्षिक सहयोग स्वास्थ्य सेवा एवम् सामाजिक संरक्षण बाफत वार्षिक एकपटक प्रति बालबालिका रु. ८ हजार सम्म।

(घ) अदालतको आदेशानुसार तोकेको क्षतिपूर्ति रकम ।

(ङ)विशेष परिस्थितिमा बालबालिकाको संरक्षणका लागि सहयोग रकमको सीमा कोष सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए पनि बालबालिकालाई तत्काल उद्धार , उपचार ,राहत तथा पुर्नस्थापना नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा र तत्काल कोष सञ्चालक समितिको बैठक बस्ने अवस्था नभएमा कोष सञ्चालक समितिका अध्यक्षले आवश्यकता र औचित्यका आधारमा समितिबाट पछि अनुमोदन हुने गरि मनासिब रकम उपलब्ध गराउन सक्नेछ ।

(३) बालकोषको रकम तालिम गोष्टि ,बैठक भत्ता ,भ्रमण भत्ता तथा अनुगमन एवं
प्रशासनिक कार्य र सचेतनाका कार्यक्रममा खर्च गर्न पाईने छैन ।

**(२७) कोषको खाता सञ्चालन :(१)** कोषको खाता प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन हुनेछ । कोषको रकम नगरपालिकाको विविध खर्च खातामा जम्मा गरि अलग्गै लेखा राखिनेछ ।

(७) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकि रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन ।

**२८) अभिलेख तथा प्रतिवेदन (१)** महिला बालबालिका शाखाले कोषको श्रोत तथा उपयोगको हिसाब देखिने स्थायी किताब खडा गरि वार्षिक रुपमा अद्यावधिक गरिएको हिसाब प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन प्रमुखबाट प्रमाणित गराई राख्नु पर्दछ ।

**(२)** कोषको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले एक महिना भित्र नगरपालिका समक्ष पेश गर्नुपर्नेछ र नगरपालिकाले सो प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ ।

**२९. कोषको लेखा र लेखा परीक्षण (१)** कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको आन्तरिक लेखा परीक्षण नगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

## परिच्छेद ९
## विविध

**३०. प्रोत्साहन पुरुस्कारको व्यवस्था** : बाल अधिकारको संरक्षण तथा सम्बर्द्धन कार्यमा उल्लेखनिय योगदान दिने व्यक्ति , बालक्लब वा संस्था ,सञ्जाल तथा संघ संस्थालाई नगरपालिकाले पुरुस्कार प्रदान गर्न सक्नेछ ।

**३१ . वार्षिक प्रतिवेदन** : समितिले बालबालिका बालअधिकारको अवस्था समेट्ने गरि बालबालिका सम्बन्धि प्रतिवेदन नगरपालिकाको स्वीकृत लिई प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३० दिन भित्र सार्वजनिक गर्ने र सो को विवरण संघ तथा प्रदेशमा समेत पठाउनु पर्नेछ ।

**३२. कार्यविधिको व्याख्या  गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार** : कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार नगरकार्यपालिकालाई हुनेछ ।

**३३  खारेजी र बचाउ**

(१) देहायका कार्यविधि खारेज गरिएका छन् ।

१. बालक्लब /समुह परिचालन निर्देशिका २०७७

उपदफा (१) बमोजिमका कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम गरिएको मानिनेछ ।

## अनूसूची १

## बाल क्लब / बाल संस्था दर्ताका लागि निवेदनको ढाँचा

मिति :......

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू ,
शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय ,
शुक्लाफाँटा ,कञ्चनपुर ।

विषय : बालक्लब /बाल संस्था दर्ता सम्बन्धमा

महोदय ,

उपर्युक्त सम्बन्धमा यस शुक्लाफाँटा नगरपालिका वडा नं. ..... मा हामीले बाल अधिकारको संरक्षण र प्रवर्धन सम्बन्धि क्रियाकलापहरु सञ्चालन गर्न ईच्छुक भई यस नगरपालिकाको बालअधिकार संरक्षण ,सम्बर्द्धन सम्बन्धि कार्यविधि २०८१ बमोजिम .......................................नामक बालक्लब वा संस्था दर्ता गर्नका लागि देहायको विवरण सहित यो निवेदन पेश गरेका छौ ।

संलग्न कागजातहरु:

१. प्रस्तावित बालक्लब /बाल संस्था खोल्ने सम्बन्धमा भएको छलफल तथा निर्णयको प्रतिलिपी

२. प्रस्तावित बालक्लब /बाल संस्थाको विधान २ प्रति

३. आवद्ध सदस्य तथा पद सम्बन्धि विवरण

४.  बालक्लब /बाल संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम थर उमेर ,अध्ययन गरिरहेको कक्षा ,ठेगाना र जन्मदर्ताको प्रमाण पत्रको प्रतिलिपी वा अध्ययनरत विद्यालय वा आश्रित बालगृहको सिफारिस पत्र ,

५. बालक्लब /बाल संस्थाको सदस्यताको किसिम , सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरुको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि सम्बन्धि विवरण

६. बालक्लब /बाल संस्थाको सदस्यताको किसिम ,सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरुको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि सम्बन्धि विवरण ।

निवेदक<br>
दस्तखत<br>
नाम :<br>
सम्पर्क नं.

**अनुसूची २**

**बालक्लब /बाल संस्थादर्ताको प्रमाण पत्रको ढाँचा**

शुक्लाफाँटा **नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

शुक्लाफाँटा **कञ्चनपुर**

**सुदुर पश्चिम प्रदेश ,नेपाल**

**बाल क्लब /संस्था दर्ता प्रमाण पत्र**

मिति :

दर्ता नं.<br>
श्री .......................बालक्लब / बाल संस्था<br>
शुक्लाफाँटा   नगरपालिका ,<br>
शुक्लाफाँटा कञ्चनपुर ।

कञ्चनपुर जिल्ला शुक्लाफाँटा नगरपालिका .... नं. वडाको .................. विद्यालय /समुदायमा गठन गरिएको ..........................बालक्लब बालक्लब /बाल संस्थालाई यस नगरपालिकामा दर्ता गरि बाल अधिकार संरक्षण सम्बर्द्धन ,तथा प्रर्वधनका लागि बाल

अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि २०८३ अनुसार यो दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ ।

नेपालको संविधान , बाल अधिकार सम्बन्धि अन्तर्राष्टिय महासन्धि १९८९ तथा बालबालिका सम्बन्धि ऐन २०७५ लगायत बालबालिका सम्बन्धि विद्यमान कानूनहरुको अधिनमा रही बाल अधिकार संरक्षण ,सम्बर्द्धन तथा प्रवर्द्धन गर्ने अभियानमा सक्रिय सहभागीताको अपेक्षा गरिएको छ ।

प्रमाणित गर्ने
दस्तखत
नाम
पद

नवीकरण सम्बन्धि विवरण

| क्र.स. | आ.व. | नविकरण मिति | नविकरण गर्नेको नाम | दस्तखत र छाप | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

## अनुसूची ३
## बाल क्लब /बाल संस्था नविकरणको लागि निवेदन ढाँचा

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू ,　　　　　　　　　　　　मिति :
शुक्लाफाँटा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय ,
शुक्लाफाँटा ,कञ्चनपुर ।

विषय : बालक्लब /बाल संस्था नविकरण सम्बन्धमा

महोदय ,

उपरोक्त सम्बन्धमा यस शुक्लाफाँटा नगरपालिका वडा नं.. ..... स्थित विद्यालय /समुदायमा आधारित हाम्रो ......................नामक बाल कलब /बाल संस्था यस नगरपालिकामा दर्ता भई बाल अधिकारको संरक्षण ,सम्बर्द्धन र प्रवर्द्धनको क्षेत्रमा क्रियाशिल रहदै आएको छ ।बाल क्लब /बाल संस्थाले सम्पन्न गरेका मुख्य क्रियाकलापहरुको विवरण सहित नविकरणका लागि यो निवेदन पेश गरेका छौं।

संलग्न कागजातहरु :

१. बाल क्लब /बाल संस्थाबाट गत आ.व.मा गरेका मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण

२. कार्यसमिति सदस्य हेरफेर सम्बन्धि विवरण र निर्णय

निवेदक

दस्तखत .................

नाम :.....................

पद : ......................

सम्पर्क नं. ..............

**अनुसूची ४**

**शुक्लाफाँटा नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय,**

**शुक्लाफाँटा कञ्चनपुर**

**सुदुर पश्चिम प्रदेश ,नेपाल**

**बाल क्लब/ संस्था दर्ता किताब**

| क.स. | बाल बाल क्लब/ संस्थाको नाम | ठेगाना | सदस्य संख्या | | | | संरक्षकको नाम | स्थापना मिति | दर्ता मिति | सम्पर्क नं. | प्रमाण पत्र बुझ्नेको नाम ,पद र हस्ताक्षर | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | अन्य | जम्मा | | | | | | |
| १. | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**अनुसूची ५**
**शुक्लाफाँटा नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**शुक्लाफाँटा, कञ्चनपुर**
**सुदुर पश्चिम प्रदेश ,नेपाल**
**बाल क्लब/ संस्था  नवीकरणको दर्ता किताब**

| क्र.स. | बाल बाल क्लब/ संस्थाको नाम | ठेगाना | सदस्य संख्या | | | | संरक्षकको नाम | स्थापना मिति | दर्ता मिति | सम्पर्क नं. | नविकरण मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | अन्य | जम्मा | | | | | | |
| १. | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | |

**अनुसूची ६**

**न्यायिक समिति तथा स्थानीय बाल अधिकार समितिमा दिने निवेदन ढाँचा**

मिति : .........

श्री न्यायिक समिति /स्थानीय बाल अधिकार समिति
शुक्लाफाँटा नगरपालिका ,कञ्चनपुर ।

१. नाम थर ....................................................(आफुलाई नाम थर लेख्न मन नलागेमा नलेख्दा पनि हुने )
२. कक्षा .............................(आफुलाई कक्षा लेख्न मन नलागेमा नलेख्दा हुने )
३. विद्यालयको नाम : .......................................................................
४. उमेर ............................
५. लिंग ............................
६.गुनासो तथा घटनाको संक्षिप्त विववरण ........................................
७. घटना घटाउने व्यक्तिको नाम थर ,बतन .....................................
८. घटनाको प्रकृति ..................................।
९ . घटना वा समस्या नयाँ हो वा दोहोरिएका हो ........................।
१० . घटना वा समस्या समाधानका सम्भावित उपायहरु के हुन सक्दछन ।
..........................................................................................
..........................................................................................

.....................................................................................................

.....................................................................................................

........................
निवेदकको दस्तखत
(दस्तखत गर्न मन नलागेमा नगर्दा पनि हुने )

**अनसूची ७**

**विशेष संरक्षणको आवश्यकता भएका बालबीलका (ऐनको दफा ४८ बमोजिम )**

क) अनाथ बालबालिका

ख) अस्पताल वा अन्य कुनै सावैजनिक स्थानमा अलपत्र अवस्थामा छोडिएका वा फेला परेका ,बाबु आमाबाट अलग्गिएकावा बाबुआमा पत्ता नलागी बेबारिसे भएको बालबालिका ,

ग) बाबु आमालाई गम्भिर शारिरिक वा मानसिक अपांगता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका ,

घ) कानूनी विवादमा परेका बालबालिका मध्ये दिशान्तर प्रक्रिया अन्तरगत बैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका ,

ङ)थुनामा रहेका वा बन्दी बाबु वा आमा संग आश्रित भई कारागारमा रहेका बालबालिका ,

च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका ,

छ) बाबु आमा वा अभिभावकबाट दुर्व्वहार ,हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका

ज) जबरजस्ती वा बधुवा प्रकृतिका वा जोखिममा परेका वा निकृष्ट प्रकृतिको वा प्रचलिन कानून विपरित श्रममा संलग्न भई जिवनयापन गरिरहेका धुम्रपान ,मद्यपान एवं अन्य लागु औषधको कुलतमा फसेका ,एच. आई .भी.संक्रमित बालबीलका ,

झ) गम्भीर शारिरिक र मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपांगता भएका कारण जिवन जोखिममा रही बाबु आमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेका वा सामान्य जीवनयापन गर्न कठिनाई भएका बालबीलका

ञ) बालबालिका विरुद्धको कसुरबाट पिडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

ट) विपद् वा शसस्त्र द्वन्द्धको कारणले बाबुआमा दुवै वा आमाबाबु मध्ये एक गुमाएका ,बेपत्ता भएका वा आफै शारिरिक वा मानसिक रुपमा घाईते भएका बालबालिका वा अपांगता भएका बालबालिका

ठ) विपन्न दलित समुदायका बालबालिका

ड) मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरि विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेको अन्य बालबालिका ।

**आज्ञाले,**
**खेम राज बिष्ट**
**प्रमुख प्रशासकीय अधिकृत**